स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



शुक्रबारबाट प्रदर्शनमा आएको अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर अभिनीत फिल्म 'घरज्वाइँ' को अगाडि ठूलो चुनौती थियो। एकातिर ठूला विदेशी फिल्महरुसँग प्रतिस्पर्धा र अर्कोतिर निरन्तरको वर्षातले व्यापार कस्तो हुने हो भन्ने अन्योलता छाएको थियो। यसका बावजूद फिल्मले बक्स अफिसमा सुखद् सुरुवात गरेको छ। पहिलो दिन फिल्मले देशभर राम्रो दर्शक पाएको छ। फिल्मको बिहानी शो औसत रह्यो। एकाध हलमा भने अकुपेन्सी राम्रै देखिन्थ्यो।

**आजको विचार...**



पकसरी... (दुई पेजमा)

प्रेमबहादुर विश्वकर्मा

१० वर्षअघि रिलिज भएको फिल्म 'जेरी'को दोस्रो श्रृंखला निर्माण हुने भएको छ। निर्माता मनोज शेरचनले दोस्रो सिक्वेलको रुपमा 'जेरी २' बनाउने घोषणा गरेका हुन्। अनमोल केसी र आना शर्माको शीर्ष भूमिका रहेको फिल्म 'जेरी' को प्रदर्शन २०७१ साल कात्तिक २८ गते भएको थियो। विज्ञप्तिमा भनिएको छ, 'अहिले स्क्रिप्ट लेख्ने काम भइरहेको छ। हामी निकट भविष्यमा जेरी २ बनाउँदैछौं।' 'जेरी २' मा कलाकार को हुने भन्ने बारेमा निधो भइनसकेको उनले जनाए।



❐ वर्ष २९ ❐ अंक ३४५ ❐ २०८१ असार ३० गते आइतबार 14 July 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## पहिरोमा परी ७ जनाको मृत्यु



**(रासस/एएफपी)**

**भियतनाम,** असार २९ /उत्तरी भियतनाममा पहिरोले भ्यान पुरिदा कम्तीमा सात जनाको मृत्यु भएको शनिबारराज्य सञ्चार माध्यमले जनाएको छ । हा जियाङ प्रान्तको बाक मी जिल्ला हुँदै गुडिरहेको १६ सिटे भ्यान बिहान ४ बजे पहिरोमा परेको हो ।

उत्तरी भियतनाममा वर्षाको मौसम प्रवेश गरेसँगै भारी वर्षार बाढी पहिरोले पहाडी सडकमा यात्रालाई जोखिमपूर्ण बनाइरहेको छ । उद्धार कर्ताहरूले घटनास्थलबाट एक बालकसहित सात जनाको शव उद्धार गरेका छन् । भ्यानमा सवार अन्य छ जना जीवित फेला परेकोर उपचार का लागि नजिकैको अस्पतालमा लगिएको राज्य सञ्चार माध्यमले जनाएको छ । उद्धारकर्ताहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन् । राज्य सञ्चार माध्यमले प्रसारण गरेको तस्बिरर भिडियोहरूले एम्बुलेन्सर सयौं उद्धारकर्मीहरू घटनास्थलमा खटिएका देखिइएको छ ।

# स्थानीय तहमा मनपरी खर्च भत्ता र भ्रमणमै बढी


**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार २९/पाल्पाका पालिकाले मनपरी खर्च गरेको महालेखा परीक्षकको कार्यालयले औंल्याएको छ । आर्थिक वर्ष २०७९/०८० मा गरेको लेखापरीक्षणमा पाल्पाका १० वटा पालिकाहरुले मनपरी ढंगले २७ करोड ९० लाख ९२ हजार खर्च गरेको भनी त्यसलाई बेरुजु देखाइएको छ । अघिल्लो वर्ष यस आर्थिक वर्षको बेरुजु कम भए पनि मनपरी रुपमा खर्च गर्ने प्रवृत्ति भने रोकिएको छैन ।

अनुगमन, भ्रमण, बैठक भत्ता, इन्धन, सवारी साधन, औषधि खरिद, चाडपर्व खर्च, विद्यालयको दिवा खाजा, विउजिवन खरिद, कर्मचारी भर्ना, डीपीआर तथा गुरुयोजना, उपभोक्ता समितिलाई भुक्तानी, सामाजिक सुरक्षा भत्ताजस्ता शीर्षकमा सबै भन्दा धेरै बेरुजु भएको छ । यस्तै गरी कानुन मिचेर करारमा कर्मचारी भर्ना गरेर उनीहरुलाई दिएको तलब भत्तालाई महालेखाले बेरुजु ठहराएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०४७ अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्छ । अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । त्यस्तै दरबन्दी नै नभएको स्थानमा कर्मचारी नियुक्त गरी ठूलो रकम तलब भत्तामा खर्च गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहले आन्तरिक स्रोतको विश्लेषण नगरी कर्मचारीलाई प्रोत्साहनस्वरूप भत्ता पनि दिने गरेका छन् । दिवा खाजा कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यार्थीको अभिलेख राखेर खाजाबापत रकम खर्च गर्न पाउने व्यवस्था छ । तर गत आवमा यहाँका अधिकांस पालिकालले विद्यार्थीको अभिलेखै नराखी करोडौ रकम खर्चेका छन् । पाल्पाका १० वटा पालिका मध्ये सबै भन्दा धेरै मनपरी रुपमा खर्च गर्नेमा **पूर्वखोला गाउँपालिका** रहेको छ । महालेखापरीक्षकको प्रतिवेदन अनुसार सो पालिकाले ७ करोड ३५ लाख ६१ हजार नियम विपरीत खर्च गरेको छ । सो पालिकाले अघिल्लो आर्थिक वर्षमा ६ करोड ९० लाख २० हजार अनियमित रुपमा खर्च गरेको थियो । आर्थिक वर्ष २०७९/०८० मा पालिकाले शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार निर्माण, अनुगमन, भत्ता, अनुदान जस्ता कार्यक्रमका शिर्षकमा अनियमित रुपमा ठूलो रकम खर्चेको हो । सो पालिकाले सार्वजनिक खरिद नियमावली विपरीत १७ लाख २२ हजार ६ सय ८ बराबरको औषधि खरिद गरेको थियो । यस्तै सो पालिकाले पूर्वखोला युवा तथा खेलकूद उपभोक्ता समितिलाई अध्यक्ष कप भलिबल तथा व्यानमिन्टन खेल सञ्चालन तथा व्यवस्थापन वापतको ५ लाख नियम विपरीत भुक्तानी गरेको छ । अघिल्लो आर्थिक वर्ष भुक्तानी हुन नसकेको सो रकम कच्चावारी मलेप २२१ प्रमाणित गराई यस आर्थिक वर्ष भुक्तानी गरेको हो । यस्तै पालिकाले पोषण संवेदनशील कार्यक्रम अन्तर्गत तरकारी विउ खरिदमा नियम विपरीत ९६ हजार खर्चेको छ ।

**बाँकी अन्तिम पेजमा...**

**पाल्पाका १० वटै स्थानीय तहले आर्थिक वर्ष २०७९/०८० मा अनियमित तरिकाले सबै भन्दा बढी गरेको शिर्षकगत खर्च विवरण**



## मखनटोल टोल विकास संस्थाले गऱ्यो शिखरडाँडामा वृक्षारोपण




**कृष्ण पोखरेल**

पाल्पा, असार २९/ मखनटोल टोलविकास संस्थाले तानसेन नगरपालिका -८ मदनपोखरा शिखरडाँडास्थित विपसना ध्यान केन्द्र परिसरमा वृक्षारोपण गरेको छ ।

जनप्रतिनिधिसँगै संस्थाका पदाधिकारीहरु ध्यान केन्द्र परिसर शिखरडाँडा पुगेर वृक्षारोपण गरेका हुन् । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले केन्द्रमा विरुवा रोपी कार्यक्रमको शुभारम्भ गरे । विरुवा रोप्दै नगर प्रमुख श्रेष्ठले ध्यान केन्द्रको वातवारण हराभरा स्वच्छ, सफा सुन्दर बनाउन मखनटोल टोल विकास संस्थाले गरेको कार्य निकै प्रभावकारी भएको बताए । उनले विरुवा रोपणसँगै विरुवाको समय-समयमा गोलमेल, हेरचाह, मलखादको व्यवस्था पनि मिलाउनु पर्नेमा जोड दिए । ध्यान केन्द्रमा वडा अध्यक्ष सोमनाथ अर्याल, ४ वडा अध्यक्ष हेमन्तराज शाक्य, लुम्बिनी मेडिकल कलेजका अध्यक्ष गोपालबहादुर पोखरेल, मखनटोल टोल विकास संस्थाका पूर्व अध्यक्षहरु, सल्लाहकार तथा संस्थाका कार्यसमिति सदस्यहरुले विभिन्न किसिमका विरुवाहरु रोपेका थिए । कपुर, धुपी, असारे फूल, कटहर, तेजपात लगायतका १ सय ३० वटा विरुवाहरु रोपिएको टोलविकास संस्थाकी पूर्व अध्यक्ष ज्योती राजभण्डारीले बताईन् । विरुवा रोपण कार्यक्रममा संस्थाकी अध्यक्ष ज्ञानु कार्कीको अध्यक्षता र सचिव नमिता थैवको सञ्चालनमा भएको थियो । वृक्षारोपणको अवसरमा अतिथि सहभागीहरुलाई विपसना केन्द्रमा ध्यान समेत गराईएको थियो ।

## प्रचण्ड सरकार ढलेपछि केपी ओलीको नेतृत्वमा नयाँ सरकार बन्दै

**पाल्पा,** असार २९/प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकार ढलेपछि आज नयाँ सरकार गठन गर्ने तयारी भएको छ । प्रतिनिधिसभाका दुई ठूलाराजनीतिक दलको सहकार्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली नयाँ प्रधानमन्त्रीका रुपमा मुलुकको कार्यकारी नेतृत्व सम्हाल्दै छन् ।



शुक्रबार प्रतिनिधिसभाबाट प्रचण्डले विश्वासको मत नपाएसँगै नयाँ सरकारको प्रक्रिया अगाडि बढेको हो । असार १७ मा काँग्रेसर एमालेबिच नयाँ समीकरण बनेसँगै एमाले सरकारबाट बाहिरिएको थियो । त्यसपछि अल्पमतमा परेका प्रचण्डले एकै कार्यकालमा शुक्रबार पाँचौं पटक विश्वासको मत लिएका थिए । तर, चार पटक विश्वासको मत पाउन सफल प्रधानमन्त्री यो पटक असफल बनेसँगै १८ महिना सत्ताको नेतृत्व गरेपछि प्रतिपक्षमा पुगेका छन् । प्रधानमन्त्रीका रूपमा प्रचण्डले संसद्बाट विश्वासको मत नपाएर पदमुक्त भएलगत्तैराष्ट्रपतिरामचन्द्र पौडेलले नयाँ सरकार गठनका लागि गरेको आह्वानमा एमाले अध्यक्ष केपी शर्मा ओलीले दाबी पेस गरेका छन् ।राष्ट्रपतिरामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) बमोजिम बहुमतको सरकार गठनका लागि आह्वान गरेलगत्तै एमाले अध्यक्ष ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई साथ लिएर शीतल निवास पुगी प्रधानमन्त्रीमा दाबी पेस गरेका हुन् । आज प्रधानमन्त्रीमा ओली नियुक्ति हुने छन् भने सोमबार शपथग्रहण हुने स्रोतले जनाएको छ । ओलीले संसद्को पहिलो दल कांग्रेसका ८८र दोस्रो दल एमालेका ७८ गरी १६६ सांसदको समर्थनमा प्रधानमन्त्रीमा दाबी पेस गरेका हुन् । संसद्का अन्य साना दलहरु जसपा, जनमत, जसपा नेपाल, लोसपार नागरिक उन्मुक्ति पार्टीसमेत कांग्रेस-एमाले गठबन्धन सरकारकै पक्षमा भए पनि ओलीले कांग्रेसर एमालेको मात्रै हस्ताक्षर लिएर प्रधानमन्त्रीमा दाबी पेस गरेका हुन् । ओलीको शपथसँगै कांग्रेस-एमालेले सानो मन्त्रिपरिषद् विस्तारको तयारी गरेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## मनसुनको वितण्डा

मनसुन सक्रिय हुँदै जाँदा त्यसबाट उत्पन्न हुने असरले वितण्ड मच्याएको छ । अविरल वर्षासँगै आएको बाढी पहिरोका कारण देशका विभिन्न जिल्लामा ठूलो मानविय तथा भौतिक क्षति हुन पुगेको छ । विगतमा भन्दा यस वर्षाको मौसमले आवश्यकताभन्दा बढी सक्रियता देखाएर चौतर्फी विध्वंस मच्चाइरहेको छ । अहिले मध्यबर्खाको समय छ मनसुन सक्रिय हुनु, पानी पर्नु ऋतुकालीन विशेषता हो तर अतिले खति गर्छ भन्ने उखान हालका दिनहरूमा चरितार्थ भइरहेको छ । मनसुनको बढी सक्रियताले गर्दा निरन्तर पानी परिरहेको छ । जसले गर्दा ठाउँ ठाउँमा पहिरो र बाढीले आम नागरिकलाई प्रताडित बनाईरहेको छ । अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा बाढीपहिरोलगायत भएका विपद्का घटनामा एक सय तीन जनाले अकालमै ज्यान गुमाउनु परेको छ ।

गत विहिबार अविरल वर्षाका कारण पहिरोले पुरिएर कास्कीमा एकै घरका ७ सहित ११ जनाको मृत्यु भएको छ । पहिरोले बगाएर नारायणगढ–मुग्लिन सडकखण्डको सिमलतालमा दुई वटा बस त्रिशूली नदीमा पुऱ्याएको छ । बसमा ६५ जना सवार रहेको बताइएको छ । तर यो सम्पादकीय तयार पार्दासम्म बेपत्ता यात्रु र बस भेटिएका छैनन् । यो अन्त्यन्तै दुखको कुरा हो ।हरेक वर्ष मनसुन सक्रिय हुँदा नेपालीले यस्तै नियति भोग्नु परेको छ । तर पछिल्लो दशकमा यी विपद्का रौङ्ग रूपले हामीलाई अकल्पनीय रूपमा पिरोल्न थालेको छ । विपद् बाजा बजाएर आउँदैन । आइपरेमा के–कस्तो तयारी गर्ने भन्ने विषयमा पूर्वतयारी गर्नुपर्ने हुन्थ्यो । तर नेपालमा आइपरेपछि मात्र हारगुहार गर्ने चलन छ, जसले गर्दा ठूलो क्षति भोग्नुपर्ने अवस्था छ । पहिरो बाढीमा परेर मानविय क्षति मात्र भएको छैन, विद्युत् उत्पादन केन्द्रहरू बन्द भएका छन् भने खानेपानीका मुहानहरू पुरिन पुगेका छन् । बाटाहरू अबरुद्ध छन् र यात्रुहरू अलपत्र पर्नुपरेको छ । यस्तो अवस्थामा सबैले सर्तकता अपनाउन आवश्यक छ । अहिलेको अवस्थामा जोखिमपूर्ण यात्रा गर्नु र त्यस्तो स्थानमा बस्नु पनि हुँदैन । बाढीपहिरोमा बहादुरी देखाएर नजिक जाने काम पनि गर्नु हुँदैन । अर्कोतर्फ सरकारको जिम्मेवारी एकातिर छँदैछ भने अर्कातिर नागरिकहरू पनि सरकारको मुख ताकेर बसिरहनु हुँदैन । आफ्नो उद्धार सरकारले गरिदिन्छ भनेर जोखिमपूर्ण ठाउँमै बसिरहनु उचित हुँदैन । यसर्थ स्वय नागरिक समेत यस्तो अवस्थामा सचेत हुन जरुरी छ ।

### Opinion @ Social Network

आँखाले देखिएका कुराहरु भ्रम हुन सक्छ, तर
भोगेका कुराहरु यथार्थ र सत्य हुन्छन् ।
*(सपना बस्नेतको फेसबुक स्टाटसबाट www.facebook.com//Sapana.B23)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कसरी सुधार्न सकिन्छ एसइई नतिजा ?



**प्रेमबहादुर विश्वकर्मा**

*एकातिर विद्यालय तहको अन्तिम परीक्षा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा 'एसएलसिई' भनिएको छ र यो कक्षा १२ को परीक्षा हो भनिएको छ । अर्कातिर कक्षा १० मा राष्ट्रिय स्तरमा एसइई लिइन्छ । परीक्षाको नाम फेरियो, नतिजामा अंक दिने ठाउँमा अक्षर दिन थालियो । परीक्षा लिने निकाय र प्रणाली उही छ, प्रश्नको प्रवृत्ति उही छ, परीक्षा लिने प्रणाली उही छ । केबल उत्तरकापीमा विद्यार्थीले प्राप्त गरेको अंक अक्षरमा परिणत गरेर ग्रेड भनिन्छ । एसएलसिई राष्ट्रिय परीक्षा हो, राष्ट्रिय परीक्षा बोर्डले गराउँछ भनियो । त्यसैअनुसारको प्रबन्ध गरियो । एसइईका लागि राष्ट्रिय परीक्षा बोर्डमै एउटा निकाय खडा गरियो । एसइई कुन तहको हो ? कक्षा ८ को परीक्षा स्थानीय तहले गर्न सक्ने तर एसइई प्रदेशले गर्न किन नसक्ने ? सरकारले उत्तरपुस्तिका परीक्षण विधिका आयामहरू समेटेर निर्देशिका बनाएको छ । शिक्षकहरू उत्तरपुस्तिका परीक्षण गर्छन् । परीक्षण गराउनेले शिक्षकको दक्षतामा भन्दा कार्यालय नजिकका र चिनजानका शिक्षकलाई प्राथमिकता दिन्छन् । धेरै परीक्षकहरूको उद्देश्य मापदण्डअनुसार उत्तरपुस्तिका परीक्षण गर्नेभन्दा पनि धेरैभन्दा धेरै परीक्षण गरेर आर्जन गर्ने हुन्छ ।*

हालै एसइईको नतिजा प्रकाशित भयो । गाउँगाउँमा र देशविदेशमा यसको चर्चा जारी छ । ग्रेडेड 'उत्तीर्ण' भन्दा ननग्रेडेड 'अनुत्तीर्ण' विद्यार्थीको संख्या धेरै भयो । आधाभन्दा बढी, ५२.१४ प्रतिशत, विद्यार्थी ननग्रेडेड 'एनजी' भए । यति ठूलो संख्यामा विद्यार्थी एनजी भएपछि शिक्षक र सरकारी अधिकारीहरूमाथि गाली वर्षा हुने क्रम जारी छ । टाउको जोगाउन र गालीको दबाब कम गर्न जति विषयमा एनजी भए पनि पूरक परीक्षा दिन पाउने निर्णय भएको छ, नत्र दुई विषय एनजी हुनेले मात्र दिन पाउने भनिएको थियो । यतिका धेरै विद्यार्थी एनजी किन भए त ? यस प्रश्नमा थोरै विचार गरौं ।

**विद्यार्थी, शिक्षक र अभिभावक**

कक्षा १० को परीक्षालाई एसएलसी 'स्कुल लिभिङ सर्टिफिकेट' भन्दै आएकामा २०७२ पछि एसइई 'स्कुल एजुकेसन एक्जामिनेसन' नामकरण गरियो । एसएलसी परीक्षाले 'फलामे ढोका' भन्ने संज्ञा पाएको थियो । एसइई भएपछि अलिक उदार भयो, ढोका अलिक खुकुलो भयो । 'फलामे ढोका' मानिँदासम्म विद्यार्थी र अभिभावकमा यसको जबर्जस्त दबाब थियो । फलामे ढोका पार गर्न कठिन छ भन्ने मान्यताले मेहनतका लागि मनोवैज्ञानिक दबाब सिर्जना गरेको थियो । यसको प्रभाव पनि सकारात्मक थियो । अभिभावक पनि १० कक्षामा पढ्ने छोराछोरीको पढाइका लागि अलिक सचेत रहन्थे । फलामे ढोका पार गर्न मेहनत गराउने प्रयास गर्थे। शिक्षकमाथि पनि यस्तै दबाब थियो । २०७२ सालपछि फलामे ढोका एकाएक रबरको ढोकामा बदलियो। उत्तीर्ण गराउन उदार नीति आयो। परीक्षामा सहभागी भएपछि कक्षा ११ पढ्नबाट बञ्चित हुनु नपर्ने भयो । यसले विद्यार्थीहरूमा फेल भइँदैन भन्ने मनोविज्ञान विकास गऱ्यो, ठीकठीकै पढ्दा पनि हुन्छ भन्ने भयो। अभिभावकलाई पनि यस्तै भयो । यसो भएपछि शिक्षक, अभिभावक र विद्यार्थी तीनैतिरबाट मेहनत अलिक कम भयो । सिकाइ उपलब्धि कमजोर भयो । सिकाइको गुणस्तर घट्दै गयो । अझ रोचक त के भयो भने, नतिजा कसरी र कुन मापदण्डका आधारमा निकाल्ने भन्ने काम परीक्षा बोर्डले अन्तिम समयमा गर्न थाल्यो । यसो भएपछि परीक्षामा सबैलाई पास गराउँछन् भन्ने आमधारणा बन्दै गयो । यसपटक त्यसो भएन । बोर्डले भन्दै आएझैं कठोर निर्णय लियो र सबै विषयमा ३५ प्रतिशत अंक नल्याउने जति ननग्रेडेड भए ।

**पढाउने र सिकाउने विधि**

अझै पनि थोरै विद्यालय र शिक्षक छाडेर अधिकांशको कुरा गर्दा शिक्षण विधि परम्परागत नै छ, कुनै परिवर्तन छैन । शिक्षकले कक्षामा प्रवचन दिने, विद्यार्थीलाई रटाउने र परीक्षामा लेख्न लगाउने काम जारी छ । शिक्षकका लागि सबैभन्दा सजिलो विधि यही हो । यस विधिमा पाठयोजना र अतिरिक्त पाठ्यसामग्री केही पनि चाहिएन । विद्यार्थीलाई थप क्रियाकलाप गराउनु पनि परेन । शिक्षकले अतिरिक्त मेहनत र तयारी गर्नु परेन । आफूले जानेको कुरामा प्रवचन दिँदा भइहाल्यो । लेख्नुपर्ने कुरा बोर्डमा लेखिदिने, सार्न लगाउने र घोकाउने परम्परागत विधिको शिक्षण छ । अनुशासनको डण्डा चलाउने, तपाईंको छोरो-छोरी पढ्दै पढ्दैन, भनेको मान्दैन, गृहकार्य गर्दैन इत्यादि फन्डा चलाउने प्रवृत्ति बलियो छ । अंग्रेजी, गणित र विज्ञान विषयमा धेरै विद्यार्थी ननग्रेडेड छन् । यी प्रयोगात्मक विषयहरू हुन् । यिनमा प्रयोगपरक अभ्यास आवश्यक पर्छ तर पढाइ घोकाउने र घोक्ने विधिमै अल्झिएको छ । यसो भएपछि सिकाइको स्तर र नतिजा बढ्ने भएन ।

**परीक्षा प्रणाली**

एकातिर विद्यालय तहको अन्तिम परीक्षा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा 'एसएलसिई' भनिएको छ र यो कक्षा १२ को परीक्षा हो भनिएको छ । अर्कातिर कक्षा १० मा राष्ट्रिय स्तरमा एसइई लिइन्छ । परीक्षाको नाम फेरियो, नतिजामा अंक दिने ठाउँमा अक्षर दिन थालियो । परीक्षा लिने निकाय र प्रणाली उही छ, प्रश्नको प्रवृत्ति उही छ, परीक्षा लिने प्रणाली उही छ । केबल उत्तरकापीमा विद्यार्थीले प्राप्त गरेको अंक अक्षरमा परिणत गरेर ग्रेड भनिन्छ । एसएलसिई राष्ट्रिय परीक्षा हो, राष्ट्रिय परीक्षा बोर्डले गराउँछ भनियो । त्यसैअनुसारको प्रबन्ध गरियो । एसइईका लागि राष्ट्रिय परीक्षा बोर्डमै एउटा निकाय खडा गरियो । एसइई कुन तहको हो ? कक्षा ८ को परीक्षा स्थानीय तहले गर्न सक्ने तर एसइई प्रदेशले गर्न किन नसक्ने ? कुरा पनि चलेको थियो तर कार्यान्वयन गर्न केले रोक्यो ? कुन विधिले छेक्यो ?

**उत्तरपुस्तिका परीक्षण**

सरकारले उत्तरपुस्तिका परीक्षण विधिका आयामहरू समेटेर निर्देशिका बनाएको छ । शिक्षकहरू उत्तरपुस्तिका परीक्षण गर्छन् । परीक्षण गराउनेले शिक्षकको दक्षतामा भन्दा कार्यालय नजिकका र चिनजानका शिक्षकलाई प्राथमिकता दिन्छन् । धेरै परीक्षकहरूको उद्देश्य मापदण्डअनुसार उत्तरपुस्तिका परीक्षण गर्नेभन्दा पनि धेरैभन्दा धेरै परीक्षण गरेर आर्जन गर्ने हुन्छ । मसँग उत्तरपुस्तिका परीक्षणको ताजा अनुभव छ। अंग्रेजी विषयमा मैले १२ घन्टामा मुस्किलले ५० वटा कापी परीक्षण गर्दा, त्यही समयमा १५० कापी परीक्षण गर्ने शिक्षक पनि थिए । उनीहरूको क्षमता 'अद्भूत' थियो होला, तर यति ठूलो भिन्नता कसरी होला ! यस्तो 'अद्भूत' परीक्षणको कुनै भर हुँदैन । जसले जति पनि अंक पाउन सक्छ, उत्कृष्ट विद्यार्थी ठगिने र कमजोरले बढी पाउने सम्भावना बराबर हुन्छ ।

**सिकाइ संस्कार**

हामीकहाँ शिक्षाको होइन, संस्कारको समस्या छ । के सिकाउनेभन्दा बढी महत्त्वपूर्ण कसरी सिकाउने भन्ने हुन्छ । यसमा व्यक्तिको व्यवहार र संस्कार जोडिएको हुन्छ । शिक्षक जति बढी व्यावहारिक र संस्कारी हुन्छ, विद्यार्थीले त्यति नै बढी सिक्छ । शिक्षकलाई विद्यार्थीले जसरी पनि बढी अंक वा राम्रो ग्रेड ल्याउनुपर्छ भन्ने भयो भने पनि सिकाइ राम्रो हुँदैन, सही पनि हुँदैन । सरकारले लिखित पाठ्यक्रम दिन्छ। हरेक समाजमा संस्कार र संस्कृतिका रूपमा अलिखित अर्थात सुषुप्त पाठ्यक्रम हुन्छ । शिक्षकले सिकाउने अधिकांश कुरा परीक्षा उत्तीर्ण गर्न र राम्रो ग्रेड हासिल गर्न मात्र हुन्छ। बिस्तारै थाहा हुँदै जान्छ, विद्यालय सिकाइ औपचारिक हो, परीक्षा उत्तीर्ण गर्न र जागिरका लागि हो । तर विद्यार्थीका लागि दुवै पक्ष महत्त्वपूर्ण हुन्छ । औपचारिक शिक्षाले यी दुवै पक्षमा संयोजन गर्न सकेको हुनुपर्छ ।

**ग्याजेट प्रयोग**

हाम्रो समाजमा बच्चा भनेका कच्चा हुन् भन्ने मनोविज्ञान छ । ठूलाले चलाउने चिज यिनलाई छुन दिनु हुँदैन भन्ने मानिन्छ । मोबाइल र ग्याजेट प्रयोगमा यस्तै मनोविज्ञानले काम गरेको छ । हामी ठूला मान्छे बच्चाकै सामुन्ने प्रयोग गर्छौं तर उसलाई निषेध गर्छौं । सिगमन्ड फ्रायडले भनेझैं निषेधित गरेको काममा मान्छेको जिज्ञासा बढी हुन्छ । बालबालिकाहरू स्वभावैले फ्रायडले भने जस्ता हुन्छन्, जे गर्नु हुँदैन भनेको छ, त्यही गर्न अघि सर्छन् । मलाई किन रोक लगाएको होला भन्ने मनोविज्ञानले काम गर्छ । अभिभावक र शिक्षक दुवैले बालबालिकालाई पढाइमा ग्याजेट प्रयोग गर्न र दुरूपयोग नगर्न सिकाएका छैनन् । यता भित्रभित्रै छोराछोरीले अनलाइन गेम, टिकटक र रील सिकेका छन् । उनीहरूलाई बन्देज लाउँदा पनि कसरी सिके त ? त्यसैले प्रतिबन्धले काम गर्दैन । सदुपयोगले काम गर्छ। मोबाइल र ग्याजेटले छोराछोरी बिग्रिए, विद्यार्थी बिग्रिए भन्ने छट्पटिनुभन्दा औपचारिक शिक्षामा यी कुरा समेट्न जरूरी छ । ग्याजेट सदुपयोगको बाटो देखाउनुपर्छ । घरमा आगो लागेपछि कुवा खन्ने चलन पुरानै हो । सकेसम्म चाँडो आगो निभाउने र दुई-चार दिन आगोभन्दा पनि चर्को चर्चा गर्ने, एउटा जाँचबुझ समिति गठन गर्ने, त्यसको प्रतिवेदन आउने बेलासम्म न घटना सम्झना हुन्छ, न प्रतिवेदन कार्यान्वयन हुन्छ । विषयवस्तु उहीह नीति, विधि र तरिका उहीह साधन र प्रविधि उहीह उही माने परम्परागत, यसो भएपछि नयाँ र प्रगतिशील परिणाम आउँदैन । छेपारोले रातभरिको जाडोमा भोलि घर बनाउँछु भन्छ रे, दिउँसो घामको न्यानोमा जाडो बिर्सिन्छ । हरेक दिन छेपारोलाई यस्तै हुन्छ रे । हाम्रो प्रवत्ति पनि छेपाराको जस्तै छ ।

**यो प्रवृत्ति बदलौं ।**

पहिले कारण खोजौं निर्मम समीक्षा गरौं, समाधानका उपाय खोजौं र दृढतापूर्वक लागू गरौं । जबसम्म शिक्षण पद्धति सुधारेर विद्यार्थीलाई सिकाइको केन्द्र बिन्दु बनाउन सकिँदैन तबसम्म न त सिकाइ सुन्छि, न नतिजा सुन्छि । देश जहाँको त्यहीं रहन्छ । सुधारको बाटामा अघि बढ्न ढिलो नगरौं ।

*-सेतोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान प्रतिष्ठामा वृद्धि होला । समाजिक कार्यमा मन जानेछ । | **तुला** : भाग्यले विभिन्न अवसर जुराउनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **वृष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **वृश्चिक** : बन्न लागेको काम बिग्रिनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । | **धनु** : दैनिक कार्यमा प्रगति हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ। |
| **कर्कट** : आँटिको काम बिग्रनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **मकर** : शत्रुमाथि विजय प्राप्त हुन सक्छ । कृषिक्षेत्रका काममा मन जानेछ। |
| **सिंह** : आफन्तको प्रगतिमा मन रमाउने छ। विशिष्ट व्यक्तिको सहयोग पनि पाइनेछ। | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **कन्या** : लाभदायक योजना बन्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मीन** : सोचेजस्तो प्रगति गर्न धेरै समय दिनुपर्ला, तर मन्दिरको भ्रमण हुनसक्छ। |

कृषि

# किसानले रासायनिक मलको अभाव झेल्नु परेन



धान रोपाइँ करिब आधा सकिँदासम्म यो वर्ष किसानले रासायनिक मलको अभाव झेल्नु परेको छैन । गत वर्ष पनि देशभर रासायनिक मलको उपलब्धता पर्याप्त नै थियो । मुख्यगरी मल खरिदका लागि अग्रिम रकम सुनिश्चित भएकै कारण लगातार दुई वर्ष किसानले रासायनिक मलको अभाव झेल्नु नपरेको हो । रासायनिक मल खरिदका लागि समयमै रकम सुनिश्चित भएदेखि मलको अभाव हटेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीले बताए । 'यो वर्ष पनि मलको अभाव हुँदैन, गत दुई-तीन वर्षझैँ हामीसँग बजेट पर्याप्त भयो,' उनले भने, 'पहिलापहिला अर्थ मन्त्रालयबाट बजेट निकास गर्न समय लाग्थ्यो । यो वर्ष र गत वर्ष बजेत पर्याप्त भयो । बजेट भएपछि समयमै मलको ठेक्का लाग्यो, यसले समयमै मल आयो । त्यसैले यो वर्ष पनि मलको अभाव हुँदैन ।' प्रवक्ता केसीले धान रोपाइँ देशभर आधा सकिएको भन्दै यो बेलासम्म अधिकांश किसानले आफूलाई आवश्यक पर्ने मलको जोहो गरिसकेकाले अब अभाव नदेखिने दाबीसमेत गरे । 'धान रोपाइँको समयमा तत्काल आवश्यक पर्ने रासायनिक मल भनेको डीएपी र पोटास हो,' उनले भने, 'करिब आधा रोपाइँ हुँदा हामीसँग अझै पनि ७५ हजार मेट्रिक टन मल मौज्दात छ ।'

**कति छ मल मौज्दात ?**

कृषि मन्त्रालयको पछिल्लो विवरण 'असार २६ गते' अनुसार युरिया, डीएपी र पोटास गरी देशभर ७५ हजार ५० मेट्रिक टन रासायनिक मल मौज्दात छ । युरिया ३८ हजार १३० मेट्रिक टन, डीएपी २८ हजार १४६ मेट्रिक टन र पोटास ८ हजारण ७७४ मेट्रिक टन मौज्दात रहेको मन्त्रालयको तथ्याङ्क छ । यसमध्ये कृषि सामग्री कम्पनी लिमिटेडसँग ४३ हजार ५०८ मेट्रिक टन मल मौज्दात छ । जसमा युरिया २३ हजार ३९५ मेट्रिक टन, डीएपी १३ हजार ५५७ मेट्रिक टन र पोटास ६ हजार ५५६ मेट्रिक टन छ । यस्तै, साल्ट ट्रेडिङ कम्पनी लिमिटेडसँग ३१ हजार ५४२ मेट्रिक टन मल मौज्दात छ । यसमध्ये युरिया १४ हजार ७३५ मेट्रिक टन, डीएपी १४ हजार ५८८ मेट्रिक टन र पोटास २ हजार २१८ मेट्रिक टन छ । सरकारी स्वामित्वका कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले रासायनिक मल आयात गरी देशभर बिक्री-वितरण गर्दै आएका छन् ।

**धान रोपाइँ कति भयो ?**

कृषि विभागका अनुसार देशभर ४२ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । देशभर १३ लाख ९८ हजार २७३ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने अनुमान गरिएको छ । सोमध्ये ५ लाख ९५ हजार १२९ हेक्टर '४२.६ प्रतिशत' मा रोपाइँ सम्पन्न भएको विभागका प्रवक्ता तथा उपमहानिर्देशक डा. अरुण काृलेले बताए । सुदूरपश्चिममा १ लाख ७४ हजार ५७६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुनेमा अहिलेसम्म १ लाख ५० हजार ६२ हेक्टरमा '८६.२ प्रतिशत' रोपाइँ भइसकेको छ । प्रतिशतका हिसाबले हालसम्म सर्वाधिक रोपाइँ भएको प्रदेश सुदूरपश्चिम हो । यस्तै, सबैभन्दा कम मधेस प्रदेशमा धान रोपाइँ भएको विभागको तथ्याङ्क छ । मधेसमा ३ लाख ८३ हजार १५० हेक्टरमा धान रोपाइँ हुने अनुमान गरिए पनि हालसम्म जम्मा २५.५ प्रतिशत अर्थात् ९७ हजार ८५१ हेक्टरमा रोपाइँ हुन सकेको छ । यस्तै, कोशी प्रदेशमा २ लाख ७६ हजार ३८६ हेक्टरमा रोपाइँ हुने अनुमान गरिएकोमा हालसम्म ९५ हजार १७० हेक्टर '३४.४ प्रतिशत' क्षेत्रफलमा मात्रै रोपाइँ हुन सकेको छ । बागमती प्रदेशमा १ लाख १४ हजार ५६१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने अनुमान गरिएकोमा हालसम्म प्रदेशमा ४६ हजार ४४ हेक्टर '४०.२' मा रोपाइँ भएको छ भने गण्डकी प्रदेशमा ९६ हजार ५३ हेक्टरमा रोपाइँ हुने अनुमान गरिएकोमा हालसम्म ४७ हजार ७३३ हेक्टर '४९.७ प्रतिशत' क्षेत्रफलमा रोपाइँ भएको छ । यसैगरी लुम्बिनी प्रदेशमा ३ लाख ११ लाख ६४३ हेक्टरमा धान रोपाइँ हुने अनुमान गरिएको छ । हालसम्म यो प्रदेशमा १ लाख ३८ हजार ३६४ हेक्टर '४४.४ प्रतिशत' क्षेत्रफलमा धान रोपाइँ भएको छ । यस्तै, कर्णाली प्रदेशमा ४१ हजार ९०४ हेक्टरमा धान रोपाइँ हुने अनुमान गरिएकोमा हालसम्म १९ हजार ९०४ हेक्टर '४७.५ प्रतिशत' क्षेत्रफलमा रोपाइँ भएको विभागको तथ्याङ्क छ । गत वर्षको असार २४ सम्ममा देशभर ४२ प्रतिशत रोपाइँ भएको थियो । गत वर्ष १४ लाख ९६ हजार ८३७ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएकोमा यो समयमा ६ लाख ४२ हजार २८४ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो । देशभर १३ देखि १५ लाख हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ । सोबाट करिब ५४ देखि ५७ लाख मेट्रिक टन धान उत्पादन हुँदै आएको छ ।

**कृषिको आधा बजेट रासायनिक मललाई**

सरकारले कृषि बजेटमध्ये आधा रकम रासायनिक मलका लागि विनियोजन गरेको छ । सरकारले आगामी आर्थिक वर्ष '२०८१/०८२' का लागि कृषि तथा पशुपन्छी मन्त्रालयमा ५७ अर्ब २९ करोड रुपैयाँ बजेट छुट्ट्याएको छ । यसबाट रासायनिक मलका लागि २७ अर्ब ९५ करोड रुपैयाँ विनियोजन भएको छ । यस्तै, चालु आर्थिक वर्षमा ५८ अर्ब ९८ करोड बजेटमध्ये ३० अर्ब रासायनिक मलको लागि विनियोजन गरिएको छ । *-रासस*

# स्ट्रबेरीको माग देखेर उत्साहित छन् कमल



भोजपुरका किसान स्ट्रबेरी खेतीतर्फ आकर्षित हुन थालेका छन् । यो खेतीबाट राम्रो आम्दानी हुने भएकाले पछिल्लो समय यहाँका किसान जग्गा भाडामा लिएर पनि खेती गर्न थालेका छन् । त्यसमध्येका एक हुन्, भोजपुर नगरपालिका-८, दुम्सिका कमल भुजेल । उनले दुई रोपनी जग्गामा व्यवसायिक स्ट्रबेरी खेती सुरु गरेका छन् । नुवाकोटको ककनीबाट दुई हजार बिरुवा ल्याई आफूले व्यवसायीकरुपमा खेती सुरु गरेको उनले बताए । राम्रो उत्पादन र आम्दानी हुने गरेको जानकारी पाएपछि यस खेतीमा आकर्षित भएका भुजेलले हाल दैनिकजसो १० देखि २५ किलोग्राम 'केजी' सम्म स्ट्रबेरीको कारोबार गर्ने गरेको बताए । आफ्नो उत्पादनले माग धान्न नसकेपछि उनले खेती विस्तार गरी १० हजार बिरुवा थप्ने योजना बनाइरहेको सुनाए ।'ग्राहकको माग बढ्न थालेको छ । स्थानीयस्तरमै कुनै विषादी प्रयोग नगरी उत्पादन भएकाले पनि ग्राहकको माग बढ्न थालेको हो', भुजेलले भने, 'यसले निकै उत्साहित भएको छु । त्यसैले खेती विस्तार गर्ने योजना बनाइरहेको छु ।' उनको उत्पादन र माग देखेर जिल्लाका अन्य किसान पनि कृषिखेती गर्ने योजनामा छन् । सरकारले उत्पादित स्ट्रबेरीको बजारीकरण र प्याकेजिङका लागि सहुलियतमा यन्त्र खरिद गर्न सहयोग गरेमा यहाँका धेरै किसान यसतर्फ आकर्षित हुने भुजेलले बताए । 'मेरो उत्पादन देखेर अन्य किसानले पनि दिनहुँ यसको खेती गर्नेबारे राय सुझाव लिइरहनुभएको छ । मैले पनि लगनका साथ लाग्ने हो भनेर राम्रो आम्दानी हुन्छ गर्नुस् भनेर यहाँ आउनेहरुलाई सल्लाह दिने गरेको छु', उनले भने। विशेषगरी पर्याप्त घाम लाग्ने जमिनमा उत्पादन हुने स्ट्रबेरीका लागि पहाडी जिल्ला भोजपुर उपयुक्त हुने जानकारहरु बताउँछन् । हाल यहाँ प्रति केजी रु पाँच सयका दरमा स्ट्रबेरी बिक्री हुने गरेको छ । **-रासस**

# पशुपालनलाई प्रोत्साहन गर्न डाँलेघाँस उत्पादन



पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न जिल्लास्थित डिभिजन वन कार्यालयले डाँलेघाँसका बिरुवा उत्पादनमा प्राथमिकता दिएको छ । व्यावसायिक किसानलाई पशुपालनमा सहज बनाउन कार्यालयले बर्सेनि डाँलेघाँसका बिरुवा नि:शुल्क रुपमा वितरण गर्दै आएको हो । किसानको मागअनुसार राइखनियो, डुम्री, बडहर, बकाइनो, टाँकीलगायत डाँलेघाँसका साथै अन्य विभिन्न प्रजातिका बिरुवा उत्पादन गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिए । यस वर्ष उत्पादन गरिएका ८५ हजारमध्ये ३० हजार बढी डाँलेघाँसका बिरुवा उत्पादन गरिएको छ । श्रेष्ठका अनुसार विभिन्न प्रजातिका करिब पैतिस हजार बिरुवा वितरण गरिसकिएको छ । उनले भने, 'नर्सरीमा बिरुवा लिन अहिले दैनिक किसानको घुइँचो लाग्ने गरेको छ ।' उत्पादित तयारी बिरुवा यही असार १५ गतेदेखि वितरण गर्न थालिएको हो । गण्डकी प्रदेश सरकारबाट वार्षिक कार्यक्रमका लागि कम बजेट विनियोजन भएकाले बर्सेनि बिरुवा उत्पादन घट्दै गएको भन्दै यस वर्ष पनि गत वर्षको तुलनामा कम उत्पादन गरिएको वन अधिकृत श्रेष्ठले जानकारी दिए । उनले भने, 'घाँसका बिरुवा रोपेर गोठमै बाँधेर पशुपालन व्यवसाय गर्न सहज होस् भनेर बिरुवा उत्पादनलाई प्राथमिकता दिइएको हो ।'

वनजङ्गलमा पशु चौपायका लागि चरन क्षेत्र ह्रास हुँदै गएकाले पशुपालक किसानलाई आहार व्यवस्थापनमा सहजता गराउने उद्देश्यले व्यावसायिक कृषि फार्मलाई घाँसका बिरुवा सहयोग गरिएको श्रेष्ठले बताए । नर्सरीमा हुर्काइएका बिरुवामध्ये जडीबुटीतर्फ शितल चिनी, हर्रो, बर्रो, तेजपात, बेल, अमला, श्रीखण्ड रहेका छन् भने सौन्दर्यमूलकमा कपूर, अशोका, धूपीलगायत छन् । 'पछिल्ला समय पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएकाले बर्सेनि डाँलेघाँसका बिरुवा उत्पादन गरी वितरण गर्दै आएका छौँ', अधिकृत श्रेष्ठले भने, 'प्रदेश सरकारबाट बजेट कम विनियोजन भएकाले यस वर्ष थोरै बिरुवा उत्पादन गरिएको हो ।' चार वर्षअघि दश लाख, तीन वर्ष अघि आठ लाख, दुई वर्षअघि छ लाख २५ हजार र गत वर्ष एक लाख बढी बिरुवा उत्पादन गरी नि:शुल्क वितरण गरिएको थियो । जिल्लामा पछिल्लो समय व्यावसायिक पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएपछि घाँसका बिरुवा उत्पादनमा जोड दिन थालिएको डिभिजन प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिए । किसानको मागका आधारमा कार्यालयले प्रत्येक वर्ष डाँलेघाँसका बिरुवा उत्पादन गरेर वितरण गर्ने योजना बनाएको हो । *-इहिमालय टाइम्स डटकम*

# दूध बेचेरै महिनामा लाख कमाउँछन् बाबुछोरा



बसाइँसराइले रित्तिँदै गएको छिस्तीको फुर्केसल्ला गाउँमा आँगनभरि मौरीका घार, गोठभरि भैंसी र पाडापाडी पालन गरेर बसेको छ रघुनाथ पौडेलको परिवार । बागलुङ, जैमिनी नगरपालिका-८ फुर्केसल्ला पुग्दा ६१ वर्षीय रघुनाथ र उनका ३२ वर्षीय छोरा राजन गाईभैंसीको स्याहारसुसारमा व्यस्त थिए । बाउछोरा मिलेर चार वर्षयता दूध र मह उत्पादन गर्दै आएका छन्। उनीहरू गाउँकै उदाहरणीय परिवारका रूपमा चिनिएका छन् । गाउँमा बाँदर आतंक भएपछि अन्नबाली कम उत्पादन हुन थाल्यो। परम्परागत कृषि कर्म गर्दै आएका रघुनाथले छोराकै सहायतामा कृषि र पशुपालनलाई अहिले व्यावसायिक बनाएका छन् । चार वर्ष अगाडिसम्म छोरा चितवनमा माछापालन गरेर बस्थ्यो । घरमा दुई-चारवटा मौरीका घार र एउटा लैनो भैंसी थियो। 'कोरोनापछि छोरा घर फर्कियो र व्यावसायिक पशुपालनमा लाग्यौं, रघुनाथले भने,' अहिले बाउछोरा मिलेर ६ वटा मुर्रा क्रस जातका भैंसी र तीनवटा गाई पालन गरेका छौं । २६ वटा मौरीका घार छन् । मौरीका घार बढाएर ५० पुऱ्याउने तयारीमा छौं । अन्न कुटानी पिसानीका लागि उनीहरूले घरमै मिल पनि राखेका छन् । चितवनमा जग्गा भाडामा लिएर माछापालन गर्दै आएका राजनलाई गाउँका अन्य युवाझैं विदेश जान मन लागेन । बुबाको परम्परागत कृषि र पशुपालनलाई व्यावसायिक बनाउने काममा लागे । 'अहिले उनीहरूले दैनिक ४० लिटर दूध बागलुङ बजारमा पठाउँछन् । उनीहरूले छिस्ती पाडापाडी तथा भैंसीपालन फार्म सञ्चालन गरेका छन् । फार्ममा अहिले ६ वटा पाडी, एक पाडो र दुई गाईका बाच्छा हुर्किँदै छन् । कोरोना अगाडि म चितवनमै माछापालन गरेर बस्थेँ । अरूको जग्गा भाडामा लिएर काम गरेको थिएँ । कोभिडका बेला घाटा लाग्यो । त्यसपछि घरमै आएर बुबाले गरिरहेको कामलाई व्यावसायिकता दिएको हुँ, राजनले भने । फार्ममा एउटा स्थानीय जातको भैंसी पनि छ । सुख्खा मौसममा ४० लिटर दूध र घाँस प्रशस्त भएका बेला ५० लिटरभन्दा बढी दूध बजार लैजाने गरेको उनले बताए । बागलुङ बजारको भैरव डेरीले प्रतिलिटर ९५ रूपैयाँमा दूध लिने गरेको उनले बताए । अहिले हुर्किँदै गरेको पाडापाडी बढेपछि दूध उत्पादन एक सय लिटर पुग्नेछ । उन्नत जातको भैंसी र गाईबाट जन्मेका पाडापाडी संरक्षण गर्न सके महँगो मूल्य हालेर भैंसी र गाई किन्न नपर्ने उनले बताए । बाँदरको आतंक बढेपछि उनीहरूले गाउँको १० रोपनी जग्गामा व्यावसायिक बहुवर्षे घाँसखेती गरेका छन् । घाँसमा आधारित पशुपालन भएकाले मुनाफा बढी हुने उनीहरू बताउँछन् । 'मासिक एक लाखदेखि एक लाख ५० हजार रूपैयाँसम्म आम्दानी दूध बिक्रीबाटै हुन्छ,' उनीहरूले भने । पौडेल परिवारको २६ घार मौरीले पनि व्यावसायिक उत्पादन दिइरहेको छ । वर्षमा एकदेखि डेढ क्विन्टल मह उत्पादन गरी बिक्री गर्दा वार्षिक दुई लाख रूपैयाँभन्दा बढी आम्दानी महबाट हुन्छ । अर्गानिक मह भएकाले घरैबाट एक हजार पाँच सय रूपैयाँ किलोमा बिक्ने राजनले बताए । 'विदेश गए पनि दु:खै हो । बाँझो जग्गामा घाँसखेती गरेका छौं। त्यही घाँसले गाईभैंसी पालन हुन्छ । मौरीलाई हेरचाह मात्रै गरे पुग्यो,' उनले भने । कृषि ज्ञान केन्द्र बागलुङले मौरीका घार थप्न ५० हजार रूपैयाँ अनुदान दिएको छ । उनीहरूले दुईवटा प्लास्टिक टनेलमा टमाटर र काउली खेती पनि गरेका छन् । बाउछोराको काममा परिवारका सबै सदस्यको साथ छ। कक्षा १२ सम्म अध्ययन गरेका राजन सकेसम्म विदेश नजाने र यही कृषि कर्मलाई वृद्धि गर्दै जाने बताउँछन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गोठ सुधारका लागि एक लाख २० हजार रूपैयाँ र पाडापाडी संरक्षण गर्न ४० हजार रूपैयाँ प्रदान गरेको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले बताए । दस रोपनी घाँसखेतीका लागि प्रतिरोपनी तीन हजार रूपैयाँका दरले ३० हजार रूपैयाँ अनुदान दिइएको छ।'पशु विज्ञ केन्द्रले चालु आर्थिक वर्षमा उत्पादनका आधारमा मासु, दूधदेखि घाँस सम्ममा अनुदान दिएको छ । **-रासस**

# इस्मा गाउँपालिका-२ को आफ्नै भवन



**गुल्मी,** असार २९/जिल्लाको इस्मा गाउँपालिका- २ वडा कार्यालयको आफ्नै भवन निर्माण भएको छ । कार्यालयको छल्दी पनाहामा भवन निर्माण गरिएको हो ।

नवनिर्मित भवनको गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले उद्घाटन गरेका हुन् । भवनको उद्घाटन गर्दै अध्यक्ष खड्काले वडाका कार्यालयको सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन भवन निर्माणले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले आफ्नै भवन नहुँदा वडाबाट दिने सेवामा असज आएको बेला जग्गादाताहरुको सहयोगले भवन निर्माण भएसँगै सहज हुने बताए ।वडा कायालयसँगै छल्दीटारी आधारभूत स्वास्थ्य सेवा केन्द्रको पनि उद्घाटन गरिएको छ ।१ करोड ४० लाखको लगानीमा वडा कार्यलय र ९० लाखको लगानीमा आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गरिएको पालिका उपाध्यक्ष पार्वती कुंवरले बताईन् । उनले पालिकाको भवन निर्माण हुन नसके पनि वडा कार्यालयको भवन निर्माण हुनु खुसीको कुरा रहेको उल्लेख गरिन् । उपाध्यक्ष कुंवरले भनिन् 'विवादका कारण गाउँपालिकाको केन्द्र हालसम्म टुंगो लागेको छैन् यस सम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेकाले छिट्टै किनार लागेपछि त्यसको टुँगो लाग्ने छ ।' वडा कार्यालय भवनमा निर्माणका काम अझै बाँकी रहे पनि विस्तारै पूरा गर्दै जाने वडाअध्यक्ष लोकनाथ आचार्यले बताए । उनले भने 'वडा कार्यालय र स्वास्थ्य कार्यालयको आफ्नै भवन नहुँदा वर्षौंदेखि भाडाको भवनबाट सेवा दिँदै आएका थियौं, भवन निर्माण भएसँगै अब कर्मचारी र जनप्रतिनिधिलाई काम गर्न र सेवाग्राहीलाई सेवा लिन सहज हुने छ ।' वडा भवन निर्माणका लागि जग्गा सहयोग गर्ने स्थानीय टीका रेश्मी, छल्दीटारी आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणका लागि जग्गा दिने बमबहादुर रेश्मी र रामबहादुर रेश्मीलाई वडाले सम्मान समेत गरेको छ ।

## खेलकुद समाचार

### अर्को बर्षको ओलम्पिक साउदीमा हुने




**काठमाडौं,** असार २९/अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आइओसी) ले सन् २०२५ को ओलम्पिक खेलकुद साउदी अरेबियामा आयोजना गर्ने घोषणा गरेको छ । आइओसीले साउदी अरेबियाको राष्ट्रिय ओलम्पिक समिति (एनओसी) सँग साझेदारी गर्न लागेको घोषणा गरेको चिनियाँ समाचारसंस्था सिन्हुवाले जनाएको छ । पेरिस ओलम्पिक खेलकुद सन् २०२४ को पूर्वसन्ध्यामा आयोजना हुने आइओसीको बैठकले खेलकुद आयोजना हुने शहर छनोट, कार्यक्रमको निश्चित समय, समावेश हुने उपाधि, खेलाडीको योग्यता प्रक्रिया निर्णय गर्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# ११ महिनामा सवा १३ खर्ब भित्रियो रेमिट्यान्स



**पाल्पा,** असार २९/मुलुकमा रेमिट्यान्समार्फत १३ खर्ब २७ अर्ब ५१ करोड रुपैयाँ भित्रिएको छ । नेपाल राष्ट्र बैंकको चालु आर्थिक वर्षको ११ महिनाको तथ्यांकले यस्तो देखाएको हो ।गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो १९.३ प्रतिशतले बढेको छ । गत वर्षको एघार महिनामा रेमिट्यान्स आप्रवाह २२.७ प्रतिशतले बढेको थियो । योसँगै नेपालको रेमिटेयान्स आप्रवाहसँगै यो अवधिमा देशको शोधनान्तर अवस्था बढेर ४ खर्ब २५ अर्ब रुपैयाँ बचतमा पुगेको छ । बैशाख अन्त्यसम्म यस्तो शोधनान्तर बचत अवस्था ३ खर्ब ९७ अर्ब रुपैयाँ बराबर रहेको थियो । त्यस्तै देशको कुल विदेशी मद्रा सञ्चिति बढेर जेठ मसान्तसम्म १९ खर्ब ६७ अर्ब रुपैयाँ पुगेको छ । यो रकमले १५.१ महिनाको वस्तु तथा १२.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने अवस्था रहेको राष्ट्र बैंकले जनाएको छ । कुल विदेशी मुद्रा सञ्चितिमध्ये राष्ट्र बैंकसँग मात्रै १७ खर्ब ५२ अर्ब रुपैयाँ बराबरको सञ्चिति रहेको छ । अघिल्लो वष जेठकोमूल्स्तरको आधारमा अहिलेको जेठ मसान्तसम्म मूल्यवृद्धि बढेर ४.१७ प्रतिशतले बढेको छ ।

# स्थानीय तहमा...

...सरकारी रकम खर्चा गर्दा विल भरपाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था भए पनि त्यसो गरिएन । खरिद गरेको सामग्री वितरण गरेको भरपाई श्रेस्तासाथ छैन् । यस्तै पालिकाले रोपाइँ कार्यक्रममा समेत १ लाख ८७ हजार ३ सय ३९ रकम अनियमित रुपमा खर्च गरेको छ । उसले उद्धबुद्ध कलेजको स्वतन्त्र विद्यार्थी युनियनलाई आयआर्जन कार्यक्रम सञ्चालन वापत गत १ लाख १० हजार ३ सय ३ भुक्तानी दिएकोमा सो चेक साट्ने म्याद गुजारेर यस आर्थिक वर्ष १ लाख ८७ हजार भुक्तानी गरेको छ । २०७९ असार १५ मा स्ववियु अध्यक्षको बुवाको खेत भाडामा लिई भुक्तानी लिएको, विउ खरिद, खेतको भाडा लगायतका खर्च भएको विल भरपाई पेश गरी रकम भुक्तानी लिएको देखिन्छ ।

यस्तै योजना अनुगमन भत्तामा २ लाख ५५ हजार ८ सय ५० नियमविपरीत खर्च गरेको छ । लुम्बिनी प्रदेशका पालिकाका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा नगरस्तरीय अनुगमन समितिका पदाधिकारीहरुले योजना अनुगमन गरेवापत भत्ता पाउने व्यवस्था छैन् । तर पालिकाले भने आफै कार्यविधि बनाएर भत्ता दिर्दै आएको छ । पालिकाले सन्देशमूलक सूचना प्रकाशन बापत पाल्पा मिडिया प्रालिलाई सम्झौता अनुसार १६ हजार ९ सय ५० भुक्तानी गर्नुपर्नेमा ३९ हजार ५ सय ५० भुक्तानी दिएको छ । प्रेस चौतारी नेपाललाई फर्निचर खरिद बापत १ लाख ९९ हजार ९ सय ९९ भुक्तानी गरेको छ । जुन गाउँपालिकाको सरकारी स्वामित्व भन्दा बाहिरको कार्यालयको लागि फर्निचर खरिदबापत दिएको भुक्तानी कानुनसम्वत नरहेको महालेखाले प्रतिवेदनमा उल्लेख गरेको छ । यस्तै पालिकाले बैंठक भत्ताबापत ५८ हजार ६ सय ५०, गाडी भाडाबापत ९८ हजार ५ सय ५०,. दिवा खाजा कार्यक्रममा ६२ लाख २७ हजार ४ सय ३०,जग्गाको स्वामित्वतर्फ १४ लाख २४ हजार ३ सय ४०, .पाँच वटा विद्याललाई दिएको चार लाख अनुदान अनियमित रुपमा खर्च भएको पाइएको छ ।

**यस्तै निस्दी गाउँपालिकाले** एक अर्ब ५२ करोड ९५ लाख खर्च गर्दा ६ करोड ५८ लाख अनियमित रुपमा खर्च गरेको छ । यहाँ अघिल्लो आवमा २ करोड ३ लाख मात्रै बेरुजु थियो । आर्थिक वर्ष २०७९/०८० मा पालिकाले स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार निर्माण, अनुगमन, भत्ता, अनुदान जस्ता कार्यक्रमका शिर्षकमा अनियमित रुपमा ठूलो रकम खर्चेको छ । योजना अनुगमन शीर्षकमा यस पालिकाले पनि कर्मचारी र पदाधिकारीहरुलाई भत्ताबापत २ लाख २५ हजार भुक्तानी दिएको छ । यस्तै पालिकाले हेफर प्राजेक्ट नेपालसँगको साझेदारीमा सञ्चालित कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको नाममा सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐनको परिपालना नगरी परियोजनामा उल्लेखित कार्यक्रमसँग बेमेल हुने गरी ३ करोड ४१ लाख ८१ खर्च गरेको छ । यस्तै उसले पर्यटन काज शिर्षकमा ८ जना कर्मचारीलाई २ लाख भुक्तानी गरेको छ । पर्यटन काजका लागि खर्च गर्ने व्यवस्था छैन । यस्तैगरी पालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था विपरीत ७जना सामाजिक परिचालिकालाई करारमा भर्ना गरी १६ लाख १७ हजार पारिश्रमिक भुक्तानी गरेको छ । पालिकाले दिवा खाजा कार्यक्रममा पनि मापदण्ड विपरीत ४ लाख ७४ हजार ९०, प्रधानमन्त्री रोजगार कार्यक्रममा योजना छनौटको आधार नै नखुलाई ४१ लाख ६५ हजार ३ सय ६३, जलदेवी सामाजिक उद्यमी महिला सहकारी संस्थालाई भवन व्यस्थापन तथा रेलिङ्ग कार्यक्रमका लागि ५ लाख बजेट विनियोजन गरेकोमा नियमविरीत फर्निचर, डेल डेस्कटप कम्प्युटर, ईप्सन र ब्रदरका प्रिन्टर खरिदमा ४ लाख ७६ हजार ७ सय २० खर्च गरेको छ । यस्तै पुच्छार खानेपानी लिफ्टिङ योजनाका लागि १४ लाख बजेट विनियोजन गरे पनि निर्माण सामग्री सार्वजनिक खरिद नियमावली बमोजिम सिलबन्दी दरभाउपत्रमार्फत खरिद नगरी सिधै खरिद गरेको, निर्माण कार्यको अनुगमन, निरीक्षण तथा निर्माण कार्य गर्न पालिका आफैसँग दक्ष जनशक्ति हुँदा हुँदै पनि सस्पेन्सन ब्रिज निर्माणको प्राविधिक तथा व्यवस्थापकीय कार्यका लागि गैरसरकारी संस्था इन्द्रेणी समाज केन्द्रलाई १ लाख ४७ हजार ८ सय ४८ भुक्तानी गरेको, विद्यालय भवन निर्माण गर्दा काम नै नभइकन २ लाख ७९ हजार ३० भुक्तानी गरेको छ । आफु भर्खरै सरुवा भएर आएकाले अहिले त्यस्तो बेरुजू फछ्र्यौट गर्ने/गराउने अभियान नै नचलाएको प्रमुख प्रशासकिय अधिकृत मदन अर्यालले बताए । उनले भने 'पालिकामा बेरुजू फच्छ्र्यौट गर्ने/गराउने प्रक्रियालाई व्यवस्थित गराउने कानुनको तर्जुमा गरिएको छैन । आगामी दिनमा त्यसतर्फ ध्यान दिन्छौं ।' **यस्तै तानसेन नगरपालिकाले** पनि ३ करोड ४ लाख २३ रकम मनपरी खर्च गरेको छ । यस्तो खर्च करारका कर्मचारीलाई प्रोत्साहन भत्ता, करारमा कर्मचारी नियुक्त गरी तलब भत्ता, कन्टिन्जेन्सी, (मोटरसाइकल र इन्धनमा भुक्तानी, विल विजकमा विक्रेताको हस्ताक्षर नभएको विलका आधारमा शिवपार्वती मन्दिर निर्माणमा उपभोक्ता समितिलाई भुक्तानी, कृष्ण मन्दिर निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा कार्य सम्पन्न भएको मिति भन्दा पछाडीको विल लिएर शिर्षक फरक पारी गरिएको खर्च, सट्टा शिक्षकको तलव, भत्ता, दुध अनुदान, आदि । तानसेन नगरपालिकाले बेरुजु हुन नदिन कुनै पनि काम गरेको छैन । प्रमुख प्रशासकिय अधिकृत हरिराम नागिलाले महालेखा परीक्षकले दिएको सुझावलाई कार्यान्वयन गर्ने बताए ।

**माथागढी गाउँपालिकाले** पनि ४ करोड ९ लाख २२ हजार अनियमित रुपमा खर्च गरेकोछ । औषधि खरिद करारमा कर्मचारी नियुक्ति, प्रधानमन्त्री रोजगार कार्यक्रममा योजना छनौटको आधार नखुलाइएको, उन्नत विउ अनुदान कार्यक्रम, गरिबसँग विशेश्वर कार्यक्रम, कर्मचारीहरुका लागि तवल भत्ता, पदाधिकारी भ्रमण गर्दा भ्रमण भत्ता, ऐन, नियमले गरेको व्यवस्थाको पालना नगरी टुक्रापारी सार्वजनिक खरिद, मालपोत र नापी कार्यलयका कर्मचारीलाई भ्रमण भत्ता,स्यानीटरी प्याड खरिद, झडेवा-जगत-भुटुके-महलपोखरी-सुनवल सडक स्तरोन्नती,मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम, वन क्षेत्रमा भवन निर्माण, दालचिनी, तेजपत्ता प्रशोधन तथा मसला उद्योग निर्माण, दुनाटपरी मेसिन खरिद, खानेपानी तथा स्वच्छता वास योजना निर्माण जस्ता क्षेत्रमा पालिकाले गरेका खर्च बेरुजु ठहरिएको छ ।


**तिनाउ गाउँपालिकाले** पनि ९६ लाख ९५ हजार अनियमित रुपमा खर्च गरेको छ । यस पालिकाले यी क्षेत्रमा दिएका भुक्तानी बेरुजु ठहरिएको छः । दरबन्दी भन्दा बढी करार कर्मचारी नियुक्त गरी तलव भत्ता दिएको, स्वास्थ्य कार्यक्रम अन्तर्गत कार्यविधि नै नबनाई कुखुराका चल्ला वितरण, औषधि खरिद, विरुवा उत्पादन, प्रधामन्त्री रोजगार कार्यक्रम, मेडपा कार्यक्रम,सामाजिक सुरक्षा भत्ता वितरण गर्नेलाई भ्रमण भत्ता, सवारी भाडा, भ्रमण अवलोकन प्याड खरिद छन् ।

**बगनासकाली गाउँपालिकाले** पनि ९८ लाख ८८ हजार अनियमित रुपमा खर्च गरेको छ । पालिकाले प्रकोप व्यवस्थापन कोषमा अनियमिता गरेको छ । उसले प्रकोप व्यवस्थापन कार्यक्रमबाट प्रकोप नियन्त्रण तथा प्रकोपबाट पीडितलाई राहत उपलब्ध गराउनुपर्नेमा दुई जना कर्मचारीका लागि तलव भत्तामा उक्त रकम खर्चेको हो । पालिकाले महिला लक्षित कार्यक्रम अन्तर्गत दर खाने कार्यक्रम, तिज गित प्रतियोगिता, एक्ल महिलाहरुको अवलोकन भ्रमणमा दिएका भुक्तानी बेरुजु ठहरिएको छः । स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा ८३ (८) मा प्रहरी, सवारी चालक, बगैंचे, पलम्वर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्ने व्यवस्था छैन तर पालिकाले भने इञ्जिनियर, सव इञ्जिनियर, पशु/कृषि प्राविधिक सहित २४ कर्मचारी करारमा नियुक्त गरी ठूलो रकम खर्चेको छ । उसले यी बाहेक स्वीकृत दरबन्दी बाहिरका सहायक कम्प्युटर, कार्यालय सहायक समेतका पदमा १० जना कर्मचारी नियुक्त, सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडामा खटिने कर्मचारीलाई दैनिक भत्ता, सवारी साधान भाडाबापत भुक्तानी, पदाधिकारी र कर्मचारीलाई योजना अनुगमन भत्ता, अवलोकन भ्रमणमा, सवारी भाडा, कर्मचारीको भिल्ड भत्ता जस्ता क्षेत्रमा पनि मनपरी खर्च गरेको पाइन्छ । **यस्तै रम्भा गाउँपालिकाले** पनि २ करोड ३८ लाख ५९ हजार मनपरी रुपमा खर्च गरेको छ । पालिकाले ऐन विपरीत करारमा कर्मचारी राखेर ठूलो रकम खर्चेको छ । उसले विभिन्न पदमा ६२ जना कर्मचारी नियुक्त, प्रधानमन्त्री रोजगार कार्यक्रम, औषधि खरिद, दिवा खाजा, रिमिघा पर्यटन प्रवर्द्धनका लागि बाटोमा ढुंगा छाप्ने कार्य, देउराली ओम भञ्ज्याङ्ग सुरुमडाँडा मसलाङ्ग मोटरबाटो स्तरोन्नतिको कार्य, ढुंगाको मेसोनरीवाल, हेफर प्रोजेक्ट नेपालसँगको साझेदारी कार्यक्रम अन्तर्गत उद्यमशील परियोजनाको खोर निर्माणमा जस्ता क्षेत्रमा अनियमिता गरेको पाइन्छ । **यस्तै रिब्दीकोट गाउँपालिकाले** पनि विभिन्न शिर्षकमा ९४ लाख २२ हजार बराबरको रकम मनपरी रुपमा खर्चेको पाइन्छ । उसले गरिबसँग विशेश्वर कार्यक्रम अन्तर्गत २ लाख ४९ हजार खर्च गरेको उल्लेख गरे पनि विउविज वितरणको भरपाई नै गरेको पाइँदैन । यस्तै पालिकाले तालिम गोष्ठीमा ९५ हजार २ सय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा ८ लाख ८४ हजार ८ सय ८७ अनियमित रुपमा खर्च गरेको पाइन्छ । उसले मेडपा कार्यक्रममा ६ लाख ९१ हजार खर्च गरेको छ तर उक्त कार्यक्रमबाट तालिम तथा प्रविधिको प्रयोग गरि कति जनाले लघु उद्यम सञ्चालन गरे भन्ने अभिलेख नै राखेको छैन । सवारी भाडामा ३५ लाख ३७ हजार खर्चेको छ । यस्तै पालिकाले विद्युत् व्यवस्थापनका लागि भनिएको बजेट पक्की नाली निर्माण, एम्वुलेन्स सेवाका लागि भनिएको रकम प्लाष्टिकजन्य सामग्री खरिद, मसलन्द तथा कार्यालय सामग्रीका लागि भनिएको रकम सामुदायिक भवन रङ्ग रोगन, अनुदान वितरण, औषधि खरिद, फर्निचर खरिद, प्रधानमन्त्री रोजगार कार्यक्रम, दरबन्दी बेगर शिक्षक व्यवस्थापन जस्ता क्षेत्रमा पनि अनियमित तरिकाले खर्च गरेको छ । **यस्तै रैनादेवी छहरा गाउँपालिकाले** पनि १ करोड ४५ लाख ५९ हजार बेप्रवाह खर्च गरेको छ । उसले मगर समुदायको भाषा, कला, संस्कृति संरक्षण र प्रवर्द्धन, मसलन्द तथा स्टेशनरी सामग्री खरिद, अनुदान वितरण, पशु बिमा, सवारी साधान भाडा, औषधि खरिद, स्वास्थ्यका कर्मचारी अवलोकन भ्रमण, शिक्षक प्रोत्साहन कार्यक्रम, सुन्दरे ढुंगा, जुठापौवा, सालझण्डी सडक निर्माण कार्य जस्ता क्षेत्रमा ठूलो रकम अनियमिता गरेको छ । **यस्तै रामपुर नगरपालिकाले** पनि २ करोड १६ लाख ९४ हजार रकम मनपरी रुपमा खर्च गरेको छ । नगरपालिकाले सार्वजनिक खरिद नियमावली विपरित राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन नगरी औषधि खरिद, पदाधिकारीहरुको जिल्ला भित्रको भ्रमण गर्दा भ्रमण भत्ता, कानुन विपरित पदाधिकारी र कर्मचारीहरुलाई योजना अनुगमन भत्ता, जस्तापाता खरिद, विद्यालय अनुदान, हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा सञ्चालित उद्यमशिलता परियोजन अन्तर्गत खोर निर्माण जस्ता क्षेत्रमा अनियमित ढंगले खर्च गरेको पाइन्छ ।

महालेखाको तथ्याङ्कले तीन तहका सरकारमध्ये सबैभन्दा बढी स्थानीय तहमै अनियमिता हुने गरेको देखाएको छ । विकासका नाममा निर्वाचित प्रतिनिधिहरूले स्वेच्छाचारी रूपमा स्रोत परिचालन गर्ने र त्यसको हिसाबसमेत नराख्ने प्रवृत्तिले आर्थिक पारदर्शीतामाथि प्रश्न मात्र उठेको छैन स्थानीय तहको सुशासनमा समेत धक्का पुगेको छ । अर्कोतर्फ पालिकाहरुले प्रचलित कानूनको कार्यान्वयन गर्ने जाँगर देखाएका छैनन् । यसले गर्दा बेरुजु बढेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा स्थानीय तहको बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । तर जनप्रतिनिधिहरुको दवाबले गर्दा प्रमुख प्रशासकीय अधिकृतहरु निरीह भएका छन् । अधिकांश पालिकाले बेरुजू फच्छ्र्यौट गर्ने गराउने प्रक्रियालाई व्यवस्थित गराउने कानुन बनाएका छैनन् ।

***(विस्तृत खर्च विवरण तालिकामा हेर्न सकिने छ ।)***

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई